जिल्ला प्रशासन कार्यालय काठमाडौं

**इजलाश**

प्रमुख जिल्ला अधिकारी एकनारायण अर्याल

**फैसला**

सम्बत् २०७१/०७२ सालको स.वा.फौ.मि.नं.२०/६५ (हातहतियार)

दर्ता मिति :– २०७०/०२/०२

मुद्दा :– **हातहतियार खरखजाना ।**

निर्णय नं.२१५३, मिति :– २०७१/११/२०

| वादी | प्रतिवादी |
| --- | --- |
| प्रहरी प्रतिवेदनले<br>**नेपाल सरकार**................१ | वेलीराम ठाकुरको छोरा, भारत, पन्जाव अमृतसर नेहरु कोलनी मजिठा रोड घर F13/2423 बस्ने वर्ष ३९ को संजिवकुमार ठाकुर............... १ |
| निजको प्रमाण<br>साक्षीः प्र.ना.नि.जीवन खड्का, प्र.ना.नि. शंकर रावल क्षेत्री, प्र.ज. रामचन्द्र मरहट्टा, प्र.ज.सुसिलराज पहारी<br>कागज....×.... | निजको प्रमाण<br>साक्षी :...×....<br>कागज :..×.... |

**यस कार्यालयबाट बुझेको प्रमाण**...×....

**हातहतियार खरखजाना ऐन, २०१९ को दफा २४(१) ले यसै कार्यालयको क्षेत्राधिकारभित्र पर्ने भई पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण र ठहर यस प्रकार छ :–**

१. मिति २०६९।११।१० गते १६.४५ बजेको समयमा स्पाईस जेट एयरको उडानद्धारा काठमाण्डौबाट दिल्ली जान लागेको भारतीय नागरीक संन्जीवकुमार ठाकुरलाई अन्तर्राष्ट्रिय विमानस्थलको अन्तर्राष्ट्रिय डिपार्चर चेकिङ्ग एरियाको गेट नं.बी मा रहेको एक्सरे मेसिनमा चेक जाँच गर्ने क्रममा निजको खैरो रंगको झोला भित्र लुकाई छिपाई राखेको अवस्थामा सेतो हेरोईन जस्तो देखिने धुलो पदार्थ तथा सो भित्र २ राउण्ड गोली उक्त झोलामा अन्य ठाउमा लुकाई छिपाई राखेको अवस्थामा

गोली राउण्ड थान ३ समेत जम्मा ५ राउण्ड गोली तथा लागु औषध जस्तो देखिने धुलो पदार्थ मान्यता प्राप्त तराजुमा तौल गर्दा ४.०२ ग्राम भएकोले वरामद गरी निज संजिवकुमार ठाकुर समेतलाई कारवाहीका लागि दाखिला गरेका छौ कानुन बमोजिम होस् भन्ने समेत व्यहोराको खानतलासी एवं वरामदी मुचुल्का सहितको प्रहरी प्रतिवेदन ।

२. म यस भन्दा पहिला गत जनवरी महिनामा नेपालमा आई क्यासिनो सांग्रीलामा केही दिन बसी पुनः आफ्नो देश फर्की गएको थिएँ, फेव्रुअरी १८ तारिखमा म आफ्नो काम विशेषले काठमाण्डौ आई क्यासिनो सांग्रिलामा बसी आफ्नो काम सकी २१ तारिख अर्थात मिति २०६९।११।१० गतेका दिन काठमाण्डौबाट दिल्लीको लागि प्लेन टिकट रहेकोले उक्त दिनको १६:४५ वजेको म आफ्नो कपडाहरु समेत रहेको ब्याग लिई काठमाण्डौ एयरपोर्टमा पुगी डिपाचर एरियाको गेट नं. बि. को एक्सरे नं. १ मा मेरो ब्याग चेक गराउने क्रममा मेरो ब्याग भित्रबाट वरामदी मुचुल्कामा उल्लेख भए बमोजिमको लागु औषध खैरो हिरोईन ४ ग्राम ०२ मिली ग्राम र गोली राउण्ड ५, हिरोईन समेत लेखिएको २ वटा बट्टा समेत फेला पारी वरामद गरेका हुन्, उक्त लागु औषध तथा गोली मेरो ब्यागमा के कसले राखी दिएका हुन् थाह भएन, म लागू औषध सेवन गर्दिन भन्ने समेत व्यहोराको प्रतिवादी संजिव कुमार ठाकुरले अधिकार प्राप्त अधिकारी समक्ष गरेको वयान ।

३. परीक्षणको लागि पठाईएको भौतिक सवुत ५ वटा ०.३५ इन्च क्यालिबरको रिभल्भरमा लाग्ने जीवित गोली (Five live catridges of 0.32 inch calibre revolver) भन्ने समेत व्यहोराको केन्द्रिय प्रहरी विधि विज्ञान प्रयोगशालाबाट प्राप्त परिक्षण प्रतिवेदन ।

४. म क्यासिनो साग्रिलामा करिब ८ बर्ष देखी काम गर्दै आई रहेकी छु, संजिवकुमार ठाकुर यस भन्दा पहिला आउदा मेरो चिनजान भएको थियो । मिति २०६९/११/७ गते हुनुपर्छ निज पुनः भारतबाट काठमाडौ आई होटेल साँग्रिलामा बस्ने सिलसिलामा निजसंग मेरो भेटघाट कुराकानी समेत भएको थियो । मिति २०६९/११/१० गतेका दिन निजको भारत फर्कने प्लेन टिकट समेत रहेकोले दिनको अ. १/२ बजे तिर निज एयरपोर्ट जाने भनेकोले निजसंग म पनि साथै गई फर्की आएकी हुँ, पछि निजले फोन गरि फ्लाईट क्यान्सिल भयो भनेका हुँदा म पुनः एयरपोर्टमा जाँदा निजबाट लागु औषध खैरो हिरोईन तथा गोली समेत वरामद भएको भन्ने थाह पाएकी हुँ, निजले उक्त लागु औषध तथा गोलीहरु के कहाँबाट के कुन प्रयोजनको लागि ल्याएका हुन् मलाई थाह भएन भन्ने समेत व्यहोराको रिता खड्काले गरेको कागज ।

५. जाहेरी दरखास्त, खानतलासी एवं वरामदी मुचुल्का, प्रतिवादी संन्जीव कुमार ठाकुरको वयान कागज, केन्द्रिय प्रहरी विधि विज्ञान प्रयोगशालाबाट प्राप्त हतियार परीक्षण रिपोर्ट र बुझिएका रिता खड्का समेतको कागज समेतबाट मिति २०६९।११।१० गते १६:४५ बजेको समयमा स्पाईस जेट एयरको उडानद्वारा काठमाडौंबाट दिल्ली जान लागेका भारतीय नागरिक संन्जीवकुमार ठाकुरबाट अवैध हतियारको गोली राउण्ड ५ र लागु औषध समेत फेला परी अवैध हतियारको गोली एवं लागू औषध सहित फेला परेकोले निजको उक्त कार्य र कसुर हातहतियार तथा खरखजाना ऐन, २०१९ को दफा ३(२) र ४(२) अनुसारको कसुर अपराध गरेको भन्ने पुष्टि हुन आएकोले निज प्रतिवादी भारतीय नागरिक संन्जीवकुमार ठाकुरलाई सोही ऐनको दफा २०(२) अनुसार हदैसम्मको सजाँय गरी वरामद गोली राउण्ड ५ थान समेत ऐ. ऐनको दफा १६ बमोजिम जफत गरी पाँउ भन्ने व्यहोराको अभियोग माग दावी ।

६. म नेपाली भाषा बुझ्न सक्छु, म भारतवाट नेपालमा आई क्यासिनोमा खेल्ने उद्धेश्यले क्यासिनो साँग्रिलामा बसेको थिएँ । म दोश्रो पटक काठमाण्डौंमा आई फर्कंदा पक्राउमा परेको

हो, सुनिल राव भन्ने भारतीय व्यक्तिले जुवामा चिटिङ गरेकोले निजसँग विवाद हुँदा मलाई फसाउछु भनेको थियो, निजले क्यासिनोमा परिचय गराएको रिता खड्काले मलाई इन्डियामा पटक/पटक फोन गरेपछि म नेपाल आएको हुँ, म सांग्रिलाको कोठा नं. १०१ मा बसेको थिएँ, त्यहीबाट रिता खड्काको कपडा समेत मेरो व्यागमा राखी म नगरकोट गएको थिएँ, त्यहाँ दुई दिन बसी सांग्रिला होटलमा आउदा कोठाको ताला फोडी सरसफाई गरेको थियो, मैले झोलामा हेर्दा मेरो पैसा र कपडा कसैले चलाएको नदेखि उक्त व्याग लिई म भारत जान एयरपोर्ट जादा चेकजाँचको क्रममा मेरो झोलाको कपडा भित्र व्राउनसुगर एक प्याकेट र सो भित्र ३ गोली थियो, २ वटा गोली कपडा मुनी वरामद भएको हो भन्ने समेत व्यहोराको प्रतिवादी संजिवकुमार ठाकुरले यस कार्यालयमा गरेको वयान ।

७. प्रतिवादी संजिवकुमार ठाकुरले अवैध गोली थान ५ आफुबाट वरामद भएको कुरा स्वीकार गरी वयान गरेकाले पछि मुद्दा किनारा हुदाका वखत ठहरे बमोजिम हुने गरी हाललाई हातहतियार खरखजाना ऐन, २०१९ को दफा २४ क बमोजिम निजलाई प्रस्तुत मुद्दाको पूर्पक्षको निम्ती थुनामा राख्न पठाई दिनु भन्ने समेत व्यहोराको यस कार्यालयको मिति २०७०।३।१६ को आदेश बमोजिम निज प्रतिवादी थुनामा बसेका रहेछन् ।

८. उल्लेखित मितिमा भएको जाहेरी दरखास्तको व्यहोरा र सहीछाप मेरो हो, मिति २०६९।११।१० मा पक्राउ गरी सेतो धुलो पदार्थ हिरोइन जस्तो देखिने धुलो र ५ राउण्ड गोली वरामद भएको हो, हतियार विना गोलीको औचित्य थाह भएन, विमानस्थलमा मानिसहरु आवत/जावत गर्ने हुँदा गोली देखी मानिस आतंकित भै दुर्घटना हुने भन्ने समेत व्यहोराको जाहेरवाला प्र.ना.नि.जीवन खड्का र प्र.ज.सुशिलराज पहारीले यस कार्यालयमा गरेको मिल्दोजुल्दो व्यहोराको छुट्टाछुट्टै वकपत्र ।

९. म पेशाले सुरक्षाकर्मी भएकाले मेरो व्यागेज चेकिङ्गमा सिनियर प्र.ना.नि.को कमाण्ड हुने हुँदा उक्त घटनाको वारेमा मैले देखेको होइन र मुचुल्का भएको दस्तखत मेरो होइन भन्ने समेत व्यहोराको जाहेरवाला प्र.ना.नि. शंकर रावल क्षेत्री र प्र.ज.रामचन्द्र मरहट्ठाले यस कार्यालयमा गरेको करिव एकै मिलानको वकपत्र ।

## ठहर

१०. नियम बमोजिम पेशी सूचिमा चढी निर्णयार्थ पेश हुन आएको प्रस्तुत मुद्दामा मिति २०६९।११।१० गते जेट एयरको उडानद्वारा काठमाण्डौंबाट दिल्ली जान लागेका भारतीय नागरिक सन्जिवकुमार ठाकुरबाट गोली राउण्ड ५ (पाँच) वरामद भएकोले निजलाई **हातहतियार खरखजाना ऐन,** २०१९ को दफा ३(२) र ४(२) बमोजिमको कसूरमा ऐ. दफा २०(२) बमोजिम सजाँय गरी वरामद भई आएको गोली राउण्ड ५ ऐ. दफा १६ बमोजिम जफत गरी पाउँ भन्ने अभियोग दावी रहेछ ।

११. यसमा प्रतिवादी सन्जिवकुमार ठाकुरले अभियोग मागदावी वमोजिम कसूर गरेका हुन् होइनन्, गरेका भए निजलाई के कस्तो सजाँय हुनु पर्ने हो भन्ने सम्वन्धमा निर्णय दिनु पर्ने देखिन आएको छ ।

१२. प्रतिवादीका तर्फबाट उपस्थित विद्वान अधिवक्ता अरुण कुमार पञ्जियारले गर्नु भएको वहस जिकिर सुनी मिसिल संलग्न कागजातरु अध्ययन गरी अव निर्णयतर्फ विचार गर्दा त्रिभुवन

अन्तर्राष्ट्रिय विमानस्थलको अन्तर्राष्ट्रिय उडान तर्फको चेकिङ एरियामा संजिव कुमार ठाकुरको साथमा रहेको झोलाबाट गोली राउण्ड ५ समेतका २ वटा बट्टा फेला परेको भन्ने मिति २०६९।११।१० गतेको खानतलाशी/वरामदी मुचुल्का भई सो को रोहवरमा यी प्रतिवादीले आफ्नो साथबाट वरामद भएको भनी सहीछाप गरेको देखिन्छ ।

१३. अनुसन्धानका क्रममा प्रतिवादी सन्जिवकुमार ठाकुरले *मिति २०६९।११।१० गते जेट एयरको उडानद्धारा काठमाण्डौं स्थित एयरपोर्टमा पुगी डिपार्चर एरियाको गेटमा मेरो व्याग चेक जाँच गराउने क्रममा प्रहरीले मेरो झोलाबाट गोली राउण्ड ५ समेतका २ वटा बट्टा फेला पारी वरामद गरेका हुन् । उक्त चिजवस्तु को कसले मेरो व्यागमा राखी दिएका हुन् थाह भएन* भनी वयान गरी यस कार्यालयमा वयान गर्दा *आफु काठमाण्डौं आउदा होटल साग्रिंलाको कोठा नं. १०१ मा बसेको, साथी रिता भन्नेसँग २ दिन नगरकोटमा बसी फर्कि होटल सांग्रिलामा आई हेर्दा कोठा खोली सरसफाई गरेको पाएको, आफुले झोला खोली हेर्दा पैसा र कपडा चलाएको नदेखे पछि उक्त व्याग लिई भारत जान एयरपोर्ट जाँदा चेकजाँचको क्रममा उक्त झोलामा भएको कपडाबाट पाकेटमा गोली राउण्ड ३ र कपडा मुनीबाट २ राउण्ड गोली समेत वरामद भएको भएता पनि उक्त सामान आफ्नो नभएको* भनी वयान गरेका र वरामद चिजवस्तु ५ वटा ०.३५ इन्च क्यालिबरको रिभल्भरमा लाग्ने जीवित गोली (Five live catridges of 0.32 inch calibre revolver) भन्ने समेत व्यहोराको परीक्षण प्रतिवेदन मिसिलमा रहेबाट प्रतिवादी संजीव ठाकुरको साथबाट खरखजाना वरामद भएको तथ्यमा कुनै विवाद भएन ।

१४. प्रतिवेदक प्रहरी कर्मचारीले यस कार्यालय समक्ष उपस्थित भई सन्जिव कुमार ठाकुरको साथबाट गोली राउण्ड ५ समेत प्रतिवादी सन्जिवकुमार ठाकुरको व्यागबाट वरामद भएको भनी वकपत्र गरेका छन् । यद्यपि प्रतिवादीले आफ्नो झोलाबाट वरामद उक्त सामान को कसले व्यागमा राखी दिएका हुन् थाह नभएको, उक्त सामान आफ्नो नभएको भनी कसुरमा इन्कार रहेता पनि सो को समर्थन गर्ने कुनै साक्षी प्रमाण पेश गर्न सकेको देखिएन । **सजाँयमा कमी वा छुट हुने वा सजायबाट रिहाइ पाउने कुनै कुराको जिकिर प्रतिवादीले लिएमा सो कुराको प्रमाण पुर्‍याउने भार निजको नै हुने** व्यवस्था प्रमाण ऐन, २०३१ को दफा २७ मा गरिएको छ । त्यसै गरी **कानुनले प्रतिवन्धित चिज वा वस्तु कसैको साथबाट वा बासस्थान आदिबाट वरामद हुन्छ भने त्यस्तो आपराधिक वस्तु कसरी रहन आयो त्यसको सन्तोषजनक र मनासीव माफिकको जवाफ वा प्रमाण दिने भार त्यस्तो वस्तु वरामद गरिएको व्यक्तिमा रहन्छ । यस कार्यलाई प्रमाणको भार Shift गरिएको वा यस्तो व्यवस्थाले आफ्नो विरुद्ध आफैं साक्षी हुने अधिकार हनन गरेको भन्न नमिल्ने** भनी सम्मानित सर्वोच्च अदालतबाट नजीर समेत प्रतिपादन भएको पाईन्छ (निलम पौडेलसमेत वि. मन्त्रिपरिषद्को कार्यालय, मुद्दाः उत्प्रेषण, ने.का.प. २०६७, माघ, पृ.१६४१) । यस मुद्दामा प्रतिवादीले आफ्नो साथबाट खरखजाना वरामद भएको तथ्यमा सावित रहेका छन् । वरामद भएको गोलीको सम्वन्धमा निजले लिएको जिकीर विश्वसनीय र चित्तबुझ्दो देखिन आएन । कुनै साक्षी प्रमाण विनाको इन्कारी वयान मात्र निर्दोषिताको लागि प्रमाण बन्न सक्दैन ।

१५. तसर्थ मिति २०६९।११।१० को खानतलाशी वरामदी मुचुल्का, प्रतिवादीले अनुसन्धानका क्रममा र यस कार्यालयमा तथ्यमा सावित रही गरेको वयान, वादी पक्षका साक्षीको वकपत्र समेतका मिसिल संलग्न कागजातहरुका आधारमा प्रतिवादी संजीव कुमार ठाकुरले हातहतियार खरखजना

ऐन, २०१९को दफा ३(२) र ४(२) विपरित विना लाइसेन्स खरखजाना आफुसाथ राखी आरोपित कसूर गरेको ठहर्छ । सो ठहर्नाले सजाय तर्फ विचार गर्दा, प्रतिवादीले आज यस इजलाश समक्ष आफुलाई जरिवानाको मात्र सजाँय गरी पाँउ भनी अनुरोध गरेका छन् । वरामद भएको खरखजानाको परिमाण पनि न्युन रहेकाले कैदको सजाँय गर्दा चर्को पर्न जाने र जरिवानाको मात्र सजाँय गर्दा पनि न्यायको उद्देश्य पुरा हुने देखिन्छ । तसर्थ प्रतिवादीले गरेको कसूर र दण्डको Proportion समेतलाई मुल्याङ्कन गर्दा निजलाई हातहतियार खरखजना ऐन, २०१९ को दफा २०(३) बमोजिम रु. ५१,०००।- ( एकाउन्न हजार रुपैयाँ ) जरिवाना हुन्छ । वरामद भई आएको गोली राउण्ड-५ ऐ. दफा १६ बमोजिम जफत हुन्छ । अरुमा तपसील बमोजिम गर्ने गरी प्रस्तुत मुद्दा मु.ऐ.अ.बं. १८६ नं. बमोजिम फैसला गरी दिएँ ।

## तपसिल

प्रतिवादी संजिवकुमार ठाकुर के माथि ईन्साफ खण्डमा लेखिए बमोजिम निजलाई रु ५१,०००।- (एकाउन्न हजार रुपैयाँ) जरिवाना हुने ठहरेकोले निज मिति २०६९।११।१० मा पक्राउमा परी हालसम्म थुनामा रहेको देखिंदा ठहरेको जरिवाना अ.वं.१२० तथा दण्डसजायको महलको ५३ नं. बमोजिम दाखिला गरे थुना मुक्त गर्न लेखि पठाउनु, जरिवाना दाखिला नगरे मु.ऐ. दण्ड सजाय महलको ३८ नं.बमोजिम कैदीपूर्जि दिनु.......................................................................१

प्रस्तुत इन्साफमा चित्त नबुझे ७० (सत्तरी) दिन भित्र पुनरावेदन अदालत पाटनमा पुनरावेदन गर्न जानु भनी प्र. संजीव कुमार ठाकुरलाई पुनरावेदन म्याद दिनु.................................२

वरामद गोली जफत हुने ठहरेकोले नियमानुसार आम्दानी बाँधी यस कार्यालयमा जानकारी दिन सम्बन्धित प्रहरी कार्यालयमा लेखि पठाउनु.........................................................३

जिल्ला सरकारी वकिल कार्यालय, काठमाण्डौलाई प्रस्तुत फैसलाको जानकारी दिनू ...........४

सरोकारवालाले फैसला र मिसिल संलग्न कागजातको नक्कल माग्न आए कानून बमोजिम नक्कल दिनू...............................................................................................५

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी म्यादमा पुनरावेदन परे मिसिल पुनरावेदन अदालत पाटनमा पठाई दिनू र नपरे नियमानुसार गरी अभिलेख राख्नू .................................६

मिति २०६९।११।१० गतेको खानतलाशी/वरामदी मुचुल्काको रोहवरमा बस्ने व्यक्तिहरु शंकर रावल क्षेत्री र रामचन्द्र मरहट्ठालाइ जिल्ला सरकारी वकिल कार्यालय, काठमाण्डौंबाट वकपत्रका लागि यस कार्यालयमा उपस्थित गराइएकोमा निजहरुले वकपत्र गर्दा आफुहरु क्रमश: नेपाल प्रहरीको प्रहरी नायव निरीक्षक र प्रहरी जवान भएको, पेशाले सुरक्षाकर्मी भएकाले व्यागेज चेकिङ्गमा सिनियर अफिसरको कमाण्ड हुने हुँदा उक्त घटनाको नदेखेको र मुचुल्का भएको दस्तखत आफ्नो नभएको भनी एकै मिलानको वकपत्र गरेको देखियो । यस मुद्दामा प्रतिवादीले आफ्नो झोलाबाट खरखजाना वरामद भएको तथ्यमा सावित रहेकाले निज साक्षीहरुको वकपत्रले फैसलामा तात्विक असर पार्न सकेन । यद्यपि अदालत समक्ष वादी पक्षका साक्षीले Hostile भई वकपत्र गर्नुमा मुद्दाको कार्यविधि/प्रकृया वा नियतमा कहिंकतै त्रुटी

देखिएकाले सो सम्बन्धमा सुधारका उपाय अवलम्बन गर्न जिल्ला सरकारी वकिल कार्यालय, काठमाण्डौं र महानगरीय प्रहरी परिसर, काठमाण्डौंलाइ जानकारी दिनु............................७

...................................

( एकनारायण अर्याल )

प्रमुख जिल्ला अधिकारी

श्रीमान् प्र.जि.अ.ज्यूले टिपाउनु भए बमोजिम टिपी

कम्प्युटर टाइप गर्ने ना.सु.परशुराम थापा/ना.सु. भुवराज घिमिरे

प्रशासकीय अधिकृत : कृष्ण गैह्रे

इति सम्बत् २०७१ साल फाल्गुण २० गते रोज ४ शुभम् .......................